आ.व. २०७६/०७७ को चौथो बैठक

आज मिति २०७६ साल आश्वीन २८ गते बिहान ८:३० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।

श्री बिनिता अधिकारी , स.म.बि.नि. ।

श्री रेशमराज अधिकारी, प्र.ले.पा ।

श्री विशाल भण्डारी, इन्जिनियर ।

श्री मनिष चौधरी, प्र.इ. ।

नुमानन्द
अध्यक्ष

## निर्णयहरु :

निर्णय नं. १ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग,संघीय सरकार अन्तर्गत तथा प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायको पत्रको सम्बन्धमा जानकारी लिईयो । साथै पत्रमा उल्लेख भएका व्यवस्थाहरु लागु गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. २ : फोहरमैला व्यवस्थापनको लागि कार्यदल गठन गरी राप्ती गाउँपाकिमा उत्पादन हुने फोहरलाई उचित व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक नीति निर्माण गर्ने समेतका लागी मिति : २०७६।०७।०६ गते विहान ११.०० बजे सरोकारवाला पक्षहरुको भेला राप्ती गाउँपालकिामा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस गाउँपालिका केन्द्रको सुरक्षार्थ प्रहरी चौकी स्थापनाका लागि अनुरोध गरी पठाएकोमा प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालय नक्साल काठमाण्डौको च नं १६२ मिति २०७६ ।०६।१७ को पत्रद्धारा गाउँपालिकाको वडा नं ३ मसुरीयामा प्रहरी चौकी स्थापना गर्न आवश्यक जग्गा सहितको भौतिक पुर्वाधारको व्यवस्था भएमा प्रहरी चौकी तत्काल स्थापना गर्न सकिने भनी लेखि आएकाले प्रहरी चौकी स्थापना गर्न आवश्यक पर्ने ३ तिन कठ्ठा सार्वजनिक पर्ति ऐलानी जग्गाको खोजी गर्न तथा सो वरावरको जग्गा दान गर्ने दाताको खोजी गर्नका लागि यस गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष श्री चन्दर चौधरीलाइ जिम्मा दिने र सो जगगाको व्यवस्थापन नभएसम्मका लागि तत्काल साविकको लालमटिया गाविसको कार्यालय तथा हालको हाल वडा नं ३ को वडा कार्यालयको माथिल्लो तलामा प्रहरी चौकी स्थापना गर्न जिल्ला प्रहरी कार्यालय दाङलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ : थारु सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग माग भई आएकोले विभिन्न दिवसीय कार्यक्रमको शिर्षकवाट रु. १५०००।- आर्थिक सहयोग स्वरुप सोझै भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५ : यस गाउँपालिका अन्तर्गत रहेका संरक्षकको अभावमा पालन पोषण नपाएका र नेपाली नागरीकता प्रमाणपत्र प्राप्त गर्न नसकेका असहाय, अनाथ, जेष्ठ नागरिकलाई पनि संघीय सरकारले उपलब्ध गराए सरहको सामाजिक सुरक्षा भत्ता गाउँसभाबाट विनियोजित शिर्षकवाट वडाको एकीन सिफारीसका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ : ५ नं प्रदेश स्तरीय फुटवल प्रतियोगिता अन्तर्गत मुख्यमन्त्री कप फुटवल प्रतियोगिताका लागी यस गाउँपालिकावाट आर्थिक सहयोग माग गरेको सम्बन्धमा दाङ बेलझुण्डीमा सम्पन्न फुटबल खेलकुदका लागि रु. ५००००।- पचास हजार मात्र दिवसीय कार्यक्रम शिर्षकवाट आर्थिक सहयोग स्वरुप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : विपन्न असहाय दीर्घरोगीलाई यस गाउँपालिकावाट उपलब्ध गराउदै आएको आर्थिक सहयोग अन्तर्गत कार्यविधि संशोधन गरी क्यान्सर रोगमा दिईने आर्थिक सहयोग रु. ५०००।-उपलब्ध गराउदै आएकोमा अब देखि रु.१०,०००।- र मृगौला पिडित, पक्षघात भएका, मुटु रोगी र सिकलसेलका रोगीलाई जनही रु. २०००।- उपलब्ध गराउदै आएकोमा अब देखि रु. ५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

नुमानन्द सुवेदी
अध्यक्ष

निर्णय नं. ८ : यस गाउँपालिकाको पाँचौ गाउँसभाबाट स्वीकृत चालु तर्फको संचार इन्टरनेट शिर्षकवाट रु पाँच लाख अत्यावश्यक ठहराईएको क्षेत्रमा सि.सि. क्यामरा जडान गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : जनजाती/दलित प्रमाणित, सिफारिसका लागि लिने गरेको शुल्क रु. ५००।- लाई पाँचौ गाउँसभाबाट संशोधन गरी रु. ३००।- बनाईएकोमा भुल बस ५००।- नै प्रिन्ट हुन आएकोमा अध्यक्ष स्तरको निर्णयबाट तोकिएको दररेटलाई कायम गर्न सकिने व्यवस्था बमोजिम संशोधन गरी ३००।- नै कायम गर्ने निर्णय गरियो।

निर्णय नं. १० : राप्ती गाउँपालिका ,४ श्रीनारायण चोक देखि देवीकोट जाने सडकलाई मर्मत गर्ने कार्यको लागि लागत स्टिमेट स्वीकृत भई कार्य सम्पन्न समेत भईसकेकोले प्राविधिक बाट एथार्थ मुल्याङ्कन गर्न लगाई प्राविधिक मुल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ११ : यस गाउँपालिकामा आ.व. २०७५।०७६ देखि संचालनमा ल्याईएका सम्पन्न हुन नसकेका र यस आ.व.मा समेत गाउँपालिका बाट बजेट विनियोजन भएका देहाय बमोजिमका योजनाका लागि समपुरक बजेट व्यवस्थाका लागि संघीय सरकार/अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो :

| क्र. | आयोजनाको नाम | जम्मा लागत | आयोजनाको प्रकार | संघीय सरकारको श्रोत | गा.पा.को श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पथ्थरगढवा पुल | ३०९२५०१९.५६ | बहुवर्षिय | १५४६२५०९.७८ | १५४६२५०९.७८ | आ.व. ०७५।०७६ मा ठेक्का सम्झौता भैसकेको |
| २ | मझनिगढ पुल | ४४१९७७५०.५६ | बहुवर्षिय | २२०९८८७५.२८ | २२०९८८७५.२८ | आ.व. ०७५।०७६ मा ठेक्का सम्झौता भैसकेको |
| ३ | गाउँपालिकाको प्रशासनिक भवन | १०४२५०९७५.७० | बहुवर्षिय | ५२१२५४८७.८५ | ५२१२५४८७.८५ | वोलपत्र आव्हानको तयारीमा रहेको |
| ४ | ७ वटा वडा कार्यालय भवन निर्माण | ११९२०११२१.७६ | बहुवर्षिय | ३९९०००००.०० | ३९९०००००.०० | वोलपत्र आव्हानको तयारीमा रहेको |

निर्णय नं. १२ : राप्ती गाउँपालिकाबाट चालु आर्थिक बर्षमा संचालन हुने योजनाहरुको उपभोक्ता समितिका पदाधिकारीहरुलाई वडागत रुपमा योजना संचालन प्रकृया सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र सो अभिमुखीकरण कार्यक्रमको खर्च कन्टेन्जेन्सीबाट गर्ने निर्णय गरियो।

निर्णय नं. १३ : राप्ती चक्रपथको पथ्थरगढवा देखि पूर्व भानपुर सम्म खाल्टा खुल्टी पुर्ने कार्यका लागि प्राविधिक लागत स्टिमेट अनुसार मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी सडक मर्मत कार्य संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : यस गाउँपालिका वडा नं ४ सुंगुरे खोला कल्भट मर्मतका लागि लागत स्टिमेट स्वीकृत भई कार्य सम्पन्न समेत भईसकेकोले प्राविधिकबाट मुल्याङ्कन गर्न लगाई प्राविधिक मुल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १५ : व्याकवार्ड सोसाइटी एजुकेशन ( बेस ) संस्थाले "पहिलो दृष्टि शिक्षामा" भन्ने मूल नाराका साथ [illegible] कक्षा पढाई कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा बालबालिकाहरुको सिकाई [illegible] बढाउन र समुदायमा पढ्ने संस्कृतिको को विकास गर्ने समुदाय परिचालनको क्षेत्रमा प्रशंसनीय कार्य गरेको हुँदा सो संस्थालाई सम्मान पत्र प्रदान गर्ने निर्णय गरियो :

[illegible]नन्द सुवेदी

निर्णय नं. १६ : गाउँपालिकाको क्षेत्रभित्र हिन्दुहरुको महान चाड बडा दशैंको समयमा हुन सक्ने सम्भावित अवान्छित कृयाकलाप तथा अपराधजन्य कार्यको निगरानी बढाउनको लागि ईलाका प्रहरी कार्यालय भालुबाङ र सशस्त्र प्रहरी बल ज्वालामाई गण भालुबाङलाई १००/१०० (एक/एक सय) लिटरका दरले डिजल उपलब्ध गराईकोमा सो रमको भुक्तानी दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : गाउँपालिकाको पाँचौ गाउँसभावाट स्वीकृत कार्यक्रमहरु मध्ये SUTRA ENTRY मा त्रुटी भएका निम्न योजना कार्यक्रमहरुलाई पछि बस्ने गाउँ सभावाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

१. गैर सरकारी संस्थाको लागत साझेदारी मा मछिताल तथा रुपाकोट सोलार लिफ्ट खानेपानी योजना मा क्रमश ५ लाख र १५ लाख गरी २० लाख हुनुपर्नेमा २ लाख मात्र भएकाले सो रकमलाई ल्याण्डफिलसाइटवाट रु १० लाख र सेवा परामर्शवाट ८ लाख घटाइ उक्त शिर्षकमा थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : यस गाउँपालिकामा आ.व. २०७५।०७६ देखि संचालनमा ल्याईएको, सम्पन्न हुन नसकेको, यस गाउपालिकाको गौरवको आयोजनाको रुपमा रहेको तपशिल बमोजिमको बजेट आवश्यक्ता पर्ने, सबै वर्ग क्षेत्र तथा भुभागलाई समेट्ने, यस गाउँपालिकाको पाँचौ गाउँसभाबाट यस आ.व.मा समेत रु. ३ करोड बजेट विनियोजन भएको राप्ती चक्रपथ आयोजनाका लागि विषेश अनुदान तर्फको बजेट व्यबस्था हुनका लागि संघीय सरकारको अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका झोलुङ्गे पुल संख्या ३ को संरक्षणका लागि हेरालुहरुको पारिश्रमिक यस अघि जिल्ला समन्वय समितिबाट भुक्तानी दिदै आएकोमा जिल्ला समन्वय समितिले उक्त पारिश्रमिक भुक्तानी गर्ने जिम्मेवारी यस गाउँपालिकालाई हस्तान्तरण गरेको हुँदा प्रति हेरालु रु. ५००।- प्रति महिनाका दरले यस गाउँपालिकाको सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।